Prithvi Wangmaya
(A Peer-Reviewed & NepJOL Indexed Journal)
Vol. 15, 2025 (Print ISSN: 2565-490X)
Email: rmc.nepali@pncampus.edu.np
URL: https://ejournals.pncampus.edu.np/ejournals/pw/

Department of Nepali
Tribhuvan University
Prithvi Narayan Campus
Pokhara, Nepal

सुमन वर्षाको अभ्यन्तरमा शिल्प
(Style in Suman Barsha's Abhyantar)

डा. भूमिराज बस्ताकोटी (Dr. Bhumi Raj Bastakoti)
कन्या क्याम्पस, पोखरा
(Kanya Campus, Pokhara)

Article History:
Receved 27 May 2025, Reviewed 17 July 2025, Accepted 27 August 2025
Corresponding Author:
Bhumi Raj Bastakoti; Email: bhumiraj2036@gmail.com
DOI : https://doi.org/10.3126/pw.v15i1.85743

सार (Abstract)

प्रस्तुत लेख 'अभ्यन्तर' कथासङ्ग्रहमा प्रयुक्त शिल्पगत प्रयोगसँग सम्बन्धित रहेर तयार पारिएको छ । कृतिगत सौन्दर्य निर्धारणको मुख्य आधार शिल्प भएको तर त्यसको अध्ययन कम हुने गरेकाले यस्तो शीर्षक चयन गरिएको हो । कथासङ्ग्रहका कथाहरूमा केकस्तो शिल्पको प्रयोग गरिएको छ ? भन्ने मूल शोधप्रश्न लिएर यसमा अध्ययन गरिएको छ । सङ्ग्रहमा प्रस्तुत शिल्पगत वैशिष्ट्यको चित्रण गर्नु यसको खास उद्देश्य हो । सङ्ग्रहको चयन तथा त्यसभित्रका कथा र कथांशको चयनमा सोद्देश्यमूलक नमुना छनोट विधि अवलम्बन गरिएको छ । गुणात्मक अनुसन्धान ढाँचाभित्र रही पाठविश्लेषण विधिको उपयोग यसमा गरिएको छ । शिल्प र त्यससँग जोडिएर आएका यथार्थवाद, स्वैरकल्पना, अधिआख्यान तथा विधामिश्रणका बारेमा पूर्व अध्येताका पुस्तक तथा शोधप्रबन्धबाट सैद्धान्तिक आधार निर्माण गरी विश्लेषणका लागि उपयोग गरिएको छ । कथासङ्ग्रहमा यथार्थवादी शिल्पको प्रयोग बढी देखिएकाले त्यसको विश्लेषणका लागि बढी ठाउँ दिइएको छ भने अन्यलाई आवश्यकताअनुसार साक्ष्यहरूको प्रयोगद्वारा प्रस्ट पार्ने कार्य गरिएको छ । सङ्ग्रहमा केही पुराना तथा केही नवीन शैल्पिक ढाँचा अवलम्बन गरिएको र तिनको सार्थक प्रयोगका कारण कृति शिल्पगत वैशिष्ट्यका दृष्टिले उल्लेखनीय छ भन्ने निष्कर्ष यस अध्ययनबाट प्राप्त हुन आएको छ । (The present paper deals with the stylistic use in Suman Barsha's *Abhyantar*, a collection of short stories. There are few

Copyright 2025 © The auther/s. This work is licensed under a Creative Commons Attribution 4.0 International (CC BY 4.0) License.

studies in the use of style in determining a work's literary genre. This paper deals with the question of what stylistic devices have been used in the stories of the book. The main objective this study is to illustrate the stylistice features projected in these stories. This text has been chosen as a sampling for analysis. Adopting qualitative research design, textual analysis method has been employed to study this book. Available books and theses are used as theoretical framework regarding style and its relation with realism, fantasy, metafiction and interdisciplinarity. In the book, there is more space in the use of realistic style for discussion while other stylistic features have been used as required by the evidences. It is concluded that some traditional and modern stylistic devices have been employed in the book, resulting in significantly impactul.)

शब्दकुञ्जी (Keywords)**:** कृतिगत विधा, अधिआख्यान, यथार्थवाद, विधामिश्रण, स्वैरकल्पना (Literary genre, metafiction, realism, interdisciplinary, fantasy)

विषयपरिचय

अभ्यन्तर (२०८१) सुमन वर्षाकृत कथासङ्ग्रह हो । सङ्ग्रहमा विविध विषयका १८ वटा कथा सङ्गृहीत छन् । मूलतः मध्यम आकारका यी कथाले समसामयिक जीवनका विविध सन्दर्भलाई प्रस्तुत गरेका छन् । खासगरी विवाहेतर प्रेमसम्बन्ध, मानसिक आघात, दैनन्दिन जीवनका अटेसमटेस, पर्यावरण, विज्ञानप्रविधिको विकासले ल्याएको तरङ्ग, गरिबी र महङ्गो स्वास्थ्यसेवा, सरोगेसी आमा जस्ता विषयलाई मूलतः यथार्थवादी वर्णनात्मक शैली तथा स्वैरकल्पना, अधिआख्यान, विधामिश्रण, जस्ता आख्यान बुनोटका शिल्पमार्फत प्रस्तुत गरिएको छ ।

साहित्यमा शिल्प भन्नाले मूलतः लेखनगत तरिका वा शैली भन्ने बुझिन्छ । शैलीलाई खास पद्धति (शैलीवैज्ञानिक) सँग जोडिएर हेरिने भएकाले मूलभूत लेखनसिपको अध्ययन गर्न खोजिएको यस लेखमा शिल्प शब्दको चयन गरिएको हो । तसर्थः *अभ्यन्तर* कथासङ्ग्रहका कथाहरूमा केकस्तो शिल्पको प्रयोग गरिएको छ ? भन्ने प्रश्नलाई मुख्य शोधसमस्या बनाइएको छ भने प्रयुक्त शिल्पको विश्लेषणलाई मूल उद्देश्य बनाइएको छ ।

अभ्यन्तर कथासङ्ग्रहका बारेमा खासै चर्चा भएको देखिँदैन । गणेश घिमिरे (२०८१) ले *हिमालय टाइम्स* पत्रिकामा यस सङ्ग्रहका बारे एउटा समीक्षा प्रकाशित गरेका छन् । मूलतः स्वरकेन्द्री यो समीक्षामा केवल मिठो र सरल भाषा प्रयोग गरिएको भनेर शिल्पगत सामान्य चर्चा मात्र गरिएको र सङ्ग्रहका बारे अन्यत्र चर्चा गरेको नदेखिएकाले शोधरिक्तता प्रस्ट देखिएको छ । कथा आकर्षक र प्रभावशाली हुनुमा स्वरको जस्तै शिल्पको पनि अत्यन्तै महत्त्वपूर्ण भूमिका हुनु तर नेपाली कथाका सन्दर्भमा स्वरगत अध्ययन-अनुसन्धान प्रशस्तै देखिए पनि शिल्पतग अध्ययन कम भएको र यस सङ्ग्रहका बारेमा त अध्ययन नै नभएको देखिएकाले यस अनुसन्धानको औचित्य रहेको छ ।

गुणात्मक अनुसन्धान ढाँचा अवलम्बन गरिएको यसमा पाठविश्लेषण विधि अपनाइएको छ । *अभ्यन्तर* कथासङ्ग्रह यस अध्ययनका लागि प्राथमिक सामग्री हो । पूर्वकार्यको समीक्षा तथा शिल्पअन्तर्गत लिइएका यथार्थवाद, स्वैरकल्पना, अधिआख्यान र विधामिश्रणबारे धारणा निर्माण गर्न

लिएका पुस्तक, शोधप्रबन्ध तथा पत्रिकाहरू यस अध्ययनका लागि द्वितीयक सामग्री हुन् । *अभ्यन्तर* कथासङ्ग्रहभित्र रहेका १८ वटा कथामध्ये विश्लेषणमा प्रयुक्त कथा तथा कथांशलाई सोद्देश्यमूलक नमुना छनोट विधिबाट चयन गरिएको हो । सन्दर्भाङ्कनका सन्दर्भमा एपिए (सातौँ संस्करण) शैलीलाई नेपाली अनुकूलनसहित प्रयोग गरिएको छ । साक्ष्यका रूपमा कथाबाट लिइएका कथांशको वर्णविन्यास (मूलतः तद्भव शब्द) लेखमा अपनाइएको वर्णविन्याससँग तादाम्य हुने गरी प्रस्तुत गरिएको छ । शिल्पबाहेक अन्य कुनै पनि कोणबाट कथाको विश्लेषण नगर्नु यस शोधलेखको सीमा हो ।

सैद्धान्तिक आधार

शिल्प भन्नाले कुनै काम तह मिलाएर गर्ने ढाँचा भन्ने बुझिन्छ। मूलतः यसले वास्तुकलाजन्य सिप बुझाए पनि साहित्यिक सन्दर्भमा शैलीको समानार्थी रूपमा प्रयोग हुँदै आएको देखिन्छ । शैली शब्द शैलीविज्ञानसँग बढी रुढ हुँदै गएको र त्यसले विशेष सैद्धान्तिक अर्थ दिने भएकाले यस लेखमा शिल्प शब्द चयन गरिएको हो र यसलाई कथागत बनोट र बुनोटका विविध सिप भन्ने सन्दर्भमा उपयोग गरिएको छ । यो आफैमा रूपहीन जस्तो लागे पनि आख्यानमा रूपव्यक्तित्व, सिपसौन्दर्य र भाववैशिष्ट्यलाई यसकै रूपाकृति मानिन्छ (प्रधान, २०५२, पृ.९) । यस्तै खालको अभिव्यक्ति ईश्वर बरालको पनि रहेको छ । उनले 'परशु प्रधानका कथामा भावपक्ष र शिल्पपक्ष' भन्ने लेखमा यस्तो आशय व्यक्त गरेको पाइन्छ (२०५८, पृ. ९४)। तसर्थ स्थापत्यगत कलामूल्य तथा सौन्दर्य स्थापनाका लागि गरिएका कथात्मक बनोट र बुनोट सिपलाई शिल्प मान्दै मूलतः यथार्थवादी शिल्प, स्वैरकल्पनाको उपयोग, अधिआख्यानको प्रयोग र विधामिश्रणको प्रयोगका कोणबाट कथाहरूको विश्लेषण गरिएको छ। उपर्युक्त शिल्पको सैद्धान्तिक अवधारणाको सङ्क्षिप्त रूप विमर्शका सन्दर्भमा आउने उपशीर्षकका तत्स्थानमा गरिएको छ। यी शिल्पगत उपकरणको चयन सोद्देश्यमूलक रहेको छ ।

विमर्श

अभ्यन्तर कथासङ्ग्रहमा १८ वटा कथा सङ्गृहीत छन् । ती कथाहरू विभिन्न ढाँचाले बुनिएका छन् साथै कलात्मकताको सिर्जनाका लागि विभिन्न शिल्पको प्रयोग गरिएको छ । माथि उल्लेख गरेअनुसार यहाँ मूलतः चार आधारबाट कृतिगत शिल्पको विमर्श गरिएको छ र अन्यलाई अन्त्यमा सङ्केत मात्र गरिएको छ ।

यथार्थवाद

यथार्थवाद स्वर हो कि शिल्प हो भन्ने बारेमा मतभिन्नता पाइन्छ। कतिपयले यसलाई स्वर मात्रै र कतिपयले शिल्प मात्रै मान्ने मत देखिए पनि यसले दुबैलाई समेट्ने धारणा बलियो देखिन्छ (पौडेल, २०६९, पृ. ३२-३३) । यसका केही प्रकारतिर जाँदा स्वर मूलभूत रूपमा देखिएको पनि छ तर यहाँ मूलतः प्रस्तुतिको ढाँचासँग सम्बन्धित रहेर सामाजिक यथार्थवादलाई आधार बनाइएको छ ।

यथार्थवाद वस्तुपरकतालाई जोड दिएर सुरु भएको साहित्यिक अवधारणा हो । यो मूलतः स्वच्छन्दतावादी आदर्शवादका विरुद्धमा वस्तुपरक यथार्थ लिएर प्रस्तुत भएको मान्यता हो (त्रिपाठी, २०५८, पृ. ४३) । यसले निम्नवर्गीय पात्रका समस्यायुक्त जीवनसन्दर्भलाई चित्रण गर्नमा बढी जोड दिन्छ । त्यस्तो चित्रण वस्तुवादी र वैज्ञानिक हुनुपर्ने यसको मान्यता रहेको छ। विष्णुप्रसाद पौडेलले *नेपाली उपन्यासमा सामाजिक यथार्थवाद*

(२०६९) भन्ने पुस्तकमा यथार्थवादका आधारभूत मान्यता भनेर प्रस्तुत गरेका निम्न बुँदाले यसका शिल्पपक्षलाई जोड दिन्छन् र तिनैलाई आधार मान्दै *अभ्यन्तर* कथासङ्ग्रहमा यथार्थवादी शिल्पको प्रयोगलाई यहाँ अध्ययन गरिएको छ :

वस्तुपरकता

वस्तुको यथारूपको चित्रणलाई वस्तुपरकता भनिन्छ। यसलाई खासगरी समाजमा देखिने विविध घटना तथा सन्दर्भको निर्वैयक्तिक फोटोग्राफिक्स चित्रणका रूपमा बुझिन्छ। प्राकृत विज्ञानमा जस्तो रुखो वस्तुपरकता साहित्यमा नभेटिए पनि न्यून काल्पनिकता, मूर्तता, चेतनको प्रयोग, वर्तमानको कुरूपताको चित्रण जस्ता विशेषताले यथार्थवादमा वस्तुपरकताको सिर्जना गरेको हुन्छ। वस्तुतथ्यको मसिनो चित्रणमा वर्णनात्मकताको उपयोग यसमा गरिएको हुन्छ।

अभ्यन्तर कथासङ्ग्रहका अधिकांश कथामा यथार्थवादी वस्तुपरकता पाइन्छ। परिवेश, घटना तथा पात्रको चरित्रचित्रणमा यथार्थवादी वस्तुपरक ढाँचा नै अवलम्बन गरिएको छ। दुई कथाबाट साक्ष्यका रूपमा निम्न कथांश प्रस्तुत गरिएको छ :

> 'ठिक छ, दिउसोतिर मिलाएर आउँछु।' यति भनिसकेपछि फोन अफ गरेर राख्छिन्। अनि हतारमा ब्रेकफास्ट खाएर अफिस जान्छिन्। अफिस पुगेर केही काम गर्छिन्। ११ बजे सहकारीको मिटिङ छ। त्यसैले अफिसको गर्नुपर्ने काम हतार हतारले सकेर मिटिङका लागि कोटेश्वर हुइँकिन्छिन् आफ्नो स्कुटरमा। पानी पर्नलाई ठिकठाक पर्दै छ वातावरण। कालोनिलो भएर आइरहेको देखिन्छ बादल पनि। उनले रेनकोट बोकेकी छैनन्। पुगिहाल्छु नि भन्ने उनलाई लागेको छ। दुईचार थोपा पानीका छिटाहरूले उनलाई भेटिहाल्छन्। हतारले स्कुटरको एक्सिलेटर अँठ्याएर कुदाउँछिन्। तैपनि प्रकृतिका अगाडि कसको जोर चल्छ र ! उनलाई पानीले केही त भिजाइहाल्छ। (पृ.३२)

'एउटा नदेखिने खडेरी' कथाको यस कथांशले मुख्य पात्र उनीको हतार र बाह्य वातावरणको वस्तुपरक चित्रण गरेको छ। एउटा कार्यालयमा काम गर्ने प्रमुख पात्रले फोन रिसिभ गरेको, ब्रेकफास्ट खाएको, कार्यालय पुगेको, ११ बजेको सहकारीको मिटिङका कारण हतार हतार काम सकेर स्कुटरमा हुँइकिएको, कालोनिलो भएको वातावरणले पानी पर्ने सङ्केत गरेको, पात्रले रेनकोट नबोकेकाले हतारमा निस्किहालेको तर पानीले भिजाएको घटनालाई वस्तुपरक रूपमा चित्रण गरेको पाइन्छ। घटनाको चित्रणमा देखिने वर्णनात्मक शैलीले वस्तुपरकतालाई बल दिएको देखिन्छ। त्यस्तै 'सोचे जस्तो हुन्न जीवन' कथाको निम्न कथांशमा पनि वस्तुपरकताको प्रस्तुति पाइन्छ :

> उता सुरी विदेश हिँडेपछि जादुको अवस्था कारुणिक बन्दै गयो। सुरीको मायामा भुलिएको टुहुरो जादु दिनप्रतिदिन निराश र एकोहोरो टोलाउन थाल्यो। राम्ररी खेतीपाती गर्न सकेन। हुन त सुरीले मरिहत्ते गरेर खेती नगर्न भनेकी थिई। उताबाट पठाएको पैसाले घरखर्च गर्ने कुरामा सहमति भएको थियो तर भने जस्तो सहज र सोचे जस्तो दुरुस्त त कहाँ हुँदो रहेछ र जीवन। (पृ. १६७)

मायालु पत्नी विदेश गएपछि पतिको असहज अवस्थाको सहज वर्णन यसमा गरिएको छ । आफूले सोचे जस्तो कहिल्यै नहुने निम्नवर्गीय यथार्थलाई यहाँ चित्रण गरिएको छ । जीवनका कुरूपताको चित्रणमा उपर्युक्त कथांश बलियो देखिएको छ ।

वैज्ञानिकता

वैज्ञानिकता यथार्थवादको अर्को मेरुदण्ड मानिन्छ । खासमा यथार्थवादी वस्तुपरकताको सत्यापनको आधार नै विज्ञान बनेको देखिन्छ । चाल्स डार्बिन, कार्ल मार्क्स, सिग्मन्ड फ्रायड जस्ता जीवविज्ञानी, भौतिकवादी र मनोवैज्ञानिकहरूको समग्र प्रभावबाट नै यथार्थवादी चिन्तन अभिप्रेरित देखिएकाले वैज्ञानिकता यसको मूल आधार बनेको हो । विज्ञानसम्मत दृष्टिले सही ठहरिन सक्ने चित्रणलाई नै यथार्थवादी साहित्यमा मूल्य दिइन्छ । अतिशय भावुकता र काल्पनिकतालाई यसमा ग्रहण गरिँदैन । *अभ्यन्तर* कथासङ्ग्रहका अधिकांश कथामा वर्णित घटनासन्दर्भमा वैज्ञानिकताको प्रस्तुति पाइन्छ वा ती पाठकका लागि विश्वसनीय बन्न सक्ने देखिन्छन् । 'अन्तर्य' कथाको निम्न कथांशले वैज्ञानिकतालाई देखाएको छ :

> अघिसम्म साथीहरूलाई भेट्न जान शरीरमा स्फूर्ति थिएन उनमा । अहिले हतार लाग्न थाल्छ । त्यताको भेटघाट छिटो छिटो सकेर विशुलाई भेट्न समय अलिक धेरै निकाल्न सकियोस् भन्ने लाग्छ उनलाई । त्यसपछि उनी ठिकठाक पर्छिन् । विशुलाई मन पर्ने लुगा लगाउँछिन् । झट्ट उनलाई याद आउँछ, अघि मधु म्यामलाई आउँदिनँ भनेर म्यासेज गरेको । हतार हतार केही उत्तर आएछ कि भनेर हेर्दा म्यासेज लेखेर सेन्ड नै गरेकी रहनिछन् । यो देखेर मनमनै हाँसो उठ्छ उनलाई । सुद्धि नै हराउन थालेछ, आफैसँग फतफताउँदै उनी हिँड्छिन् । पृ. १५)

विवाहेतर सम्बन्ध अनलाइनमा मात्र सीमित रहेका अवस्थामा कथाका मुख्य पुरुष पात्र विशुले भेट्ने भनेपछिको मुख्य नारी पात्रको मनोदशा र त्यसको बाह्य प्रकटीकरणलाई यसमा प्रस्तुत गरिएको छ । अनलाइनमा अनेक कुरा गरेर सम्बन्धलाई अगाडि बढाए पनि प्रत्यक्ष नभेटेको प्रेमीलाई भेट्न पाउने उत्सुकताले सिर्जित मानसिकताको यथार्थ चित्रण यसमा देखिएको छ । त्यस्तै हतासमा कार्य गर्दा त्रुटि हुन जाने यथार्थलाई पनि यसमा विश्वसनीय रूपले चित्रण गरेको पाइन्छ ।

सरलता, सहजता र सरसता

यथार्थवादी साहित्यको यो अर्को महत्त्वपूर्ण विशेषता मानिन्छ । काल्पनिक र भावुक लेखनका विपरीत बौद्धिक लेखन भए पनि यथार्थवादी साहित्य अमूर्त वा दुर्बोध्य हुँदैन । जनसामान्यले पनि सहज ढङ्गले बुझ्न सक्ने गरी सरल, सहज र सरस प्रस्तुति यसमा पाइन्छ । *अभ्यन्तर* कथासङ्ग्रहका अधिकांश कथामा सरलता, सहजता र सरसताको प्रस्तुति पाइन्छ । 'जानुअघि' कथाको निम्न कथांशले त्यसलाई पुष्टि गरेको देखिन्छ :

> 'बुहारी राति ११ बजेतिर आउँछे । कान्छो १० बजेतिर निस्कन्छ । उनीहरूको पनि उसो त कहाँ भेट हुन्छ र छुट्टीको दिनबाहेक ! गाह्रो छ यहाँ पनि यिनीहरूलाई ।' सुभद्रा आफ्ना छोराबुहारी र नातिको कुरा गरेर कहिल्यै बिट मार्दिनन् । इमनाथलाई छोराहरूका

दुःखको अगाडि आफ्नो दुःख सानो लाग्दछ । उनलाई पनि भन्न मन लागिरहेको छ, 'मलाई तिमी नहुँदा एकदमै गाह्रो भइरहेको छ । एक्लोपनाले मलाई झनै ज्याकिरहेको छ । कतै बिहान ओछ्यानमै प्राण जाला जस्तो हुन्छ । (पृ. ७८)

नेपालीहरूको विदेशमोहले गर्दा वृद्धावस्था जटिल बनेको स्थितिलाई कथांशमा सरल र सरस रूपमा प्रस्तुत गरिएको छ । श्रीमती छोराबुहारीसँग विदेशमा रहेकी र श्रीमान् नेपालमा रहनुपर्दा उनीहरूको वियोगले सिर्जना गरेको असहज स्थिति कथांशमा चित्रित छ । त्यस्तो अवस्थामा पनि छोराबुहारीको दुःख ठुलो ठानेर आफ्नो दुःखलाई निम्छरो सम्झने नेपाली अभिभावकको उदारता पनि सहज रूपमा वर्णित भएको छ । सहज शब्दप्रयोग तथा संवाद र वर्णनमार्फत वृद्धवृद्धाको मानसिक र परिस्थितिजन्य भौतिक सन्दर्भको चित्रणमा कथांश सबल देखिएको छ ।

यिनका अतिरिक्त वर्तमान समाजको दुःखपूर्ण अवस्थाको चित्रण गर्दै दुःखान्तमै टुङ्ग्याउनु (शास्त्रीय मान्यताको अतिक्रमण), घटनाप्रधान कथालेखन, रैखिक कथानकीय ढाँचा आदिले पनि कथासङ्ग्रहले मूलतः यथार्थवादी शैली अवलम्बन गरेको देखाएका छन् ।

स्वैरकल्पनाको प्रयोग

स्वैरकल्पना कल्पनाको एक विशिष्ट प्रकार हो । यसलाई मनोविज्ञानबाट साहित्यमा आएको एक अन्तर्विषयक शब्दावली मानिन्छ । मनोविज्ञानमा शैशवकालीन काल्पनिक संसारलाई यसले बुझाए पनि साहित्यिक प्रयोगमा भने व्यञ्जना सामर्थ्य भएको कल्पनाको एक विशिष्ट प्रकार भन्ने बुझिन्छ ।

साहित्यमा प्राचीन समयदेखि नै स्वैरकल्पनाको प्रयोग हुँदै आएको पाइन्छ । प्राचीन समयमा यसको प्रयोग यथार्थबाट पलायन र मनोरञ्जनका लागि भएको देखिन्छ भने आधुनिक समयमा यसको प्रयोग नवीन उद्देश्य सन्धानका लागि विशिष्ट शिल्पका रूपमा भएको पाइन्छ (शर्मा, २०५५, पृ. ४५४-५५) । अथवा यो अयथार्थका माध्यमबाट सघन यथार्थको सन्धान गर्ने शिल्पगत एउटा विशिष्ट रूप हो । यस्तै मत बराल (२०६४), श्रीवास्तव (सन् १९८५), विष्णुप्रसाद ज्ञवाली (२०७८) को पनि देखिन्छ । स्वैरकल्पनाका विभिन्न प्रकार देखिएका छन् तर यसका मूलतः निम्न दुई प्रकार प्रमुख देखिन्छन् :

क) पूर्वआधुनिक स्वैरकल्पना

ख) आधुनिक स्वैरकल्पना

अ) विशुद्ध स्वैरकल्पना

आ) विज्ञान आख्यानमा प्रयुक्त स्वैरकल्पना (बस्ताकोटी, २०६६, पृ. १५)

विशुद्ध स्वैरकल्पना अयथार्थका माध्यमबाट सघन यथार्थको सन्धानमा केन्द्रित वा अभिलक्षित हुन्छ भने विज्ञानसम्मत स्वैरकल्पना मूलतः वर्तमानमा अयथार्थ भए पनि त्यो सम्भावित यथार्थमा आधारित हुन्छ । अथवा यो भविष्यको पृष्ठाधारमा वर्तमानको विज्ञानप्रविधिको विकासलाई आधार बनाएर तार्किक ढाँचामा बुनिएको हुन्छ (ज्ञवाली, २०७८, पृ. ३५) । *अभ्यन्तर* कथासङ्ग्रहमा दुबै खाले स्वैरकल्पनाको उपयोग गरिएको छ ।

सङ्ग्रहभित्रका चार कथामा स्वैरकल्पनाको प्रयोग गरिएको छ । 'क्लोन', 'वाहक' र 'समयको प्रवाह' कथामा मूलतः विज्ञानसम्मत स्वैरकल्पनाको प्रयोग गरिएको छ भने 'गङ्गा दिदी मुसुक्क हाँस्छिन्' कथामा विशुद्ध स्वैरकल्पनाको प्रयोग पाइन्छ ।

'क्लोन' कथामा क्लोन मानवहरूको विषयलाई उठाइएको छ । हालसम्म विज्ञानले पशु

(भेडा) मा क्लोन प्रविधिको प्रयोग गरे पनि मानिसमा गरेको छैन । तर विकासक्रममा त्यस्तो अवस्था पनि आउन सक्छ । त्यही सम्भावित यथार्थलाई यसमा प्रस्तुत गरिएको छ । यद्यपि यस कथाबाट ध्वन्यात्मक रूपमा पुँजीवादी समयमा उपभोक्ता बजारका कारण मान्छे संवेदना र भावनाशून्य जीवन बाँचिरहेको सत्य पनि बोलिरहेकाले केही मात्रामा विशुद्ध स्वैरकल्पनाको प्रयोग पनि यसमा देखिएको छ ।

'वाहक' कथामा भविष्यमा निम्तिन सक्ने अनौठो महामारीको कल्पना गरिएको छ । झिँगाका माध्यमबाट सर्ने हार्बिन्जर (पृ. १०१) महामारीको कल्पना गर्दै संसारबाट झिँगा समाप्त पार्ने अभियान थालिएको र त्यसको सुरुवात नेपालबाट गरिएको वर्णन छ । झिँगाको आमूल सफायाले तत्कालीन महामारी नियन्त्रणमा आए पनि पछि जीवजन्तुका सिनो नसडेर अर्को ठुलो सङ्कट खडा भएको सम्भावित यथार्थलाई देखाइएको छ (पृ.१०७) । कथामा प्रयुक्त स्वैरकल्पना मूलतः विज्ञानसम्मत देखिए पनि लाक्षणिक रूपमा यसले पर्यावरण संरक्षणमा सबै जीवको भूमिका हुने भएकाले कसैको पनि समूल नष्ट गर्नुहुँदैन भन्ने सत्यलाई इङ्गित गरेको छ । यसर्थ यसमा विशुद्ध स्वैरकल्पनाको पनि मिश्रण भएको देखिन्छ ।

'समयको प्रवाह' कथा भविष्यबोधक छ । समयको प्रवाह अघि बढ्दै जाँदा अहिले लाज मानिरहने केटीहरू आत्मविश्वासले भरिएका र उनीहरूको हेराइबाट केटाहरूले लाज मान्नुपरिरहेको स्थितिको चित्रण कथामा गरिएको छ । विज्ञानको विकासले नेपालले पनि ठुलो फड्को मारेको चर्चा कथामा यसरी देखाइएको छ :

> 'अब हाम्रो जेनेरेसनले टेलिपोर्टेसन मेसिनको विकास गरेर डाइरेक्ट मार्समा सेकेन्डमै पुग्न सकिने टेक्नोलोजीको निर्माण गर्ने बारेमा सोच्न थाल्नु चाहिँ ठिक होला । माइक्रो चिप्सहरूलाई रोबोटमा फिक्स गरेर मङ्गलग्रह र पृथ्वीलाई कनेक्टिभिटी सूचनाप्रविधिलाई चुस्त बनाउन पनि सकिन्छ भन्ने लाग्छ मलाई ।' सोफिराले निकीको कुरामा समर्थन जनाउँदै आफ्नो आइडिया सेयर गरी, 'ठिक छ भरे राति नाइन टु टेन प्यालटकमा मिटिङ गरौँ, सबैले आफ्नो धारणा राखौँ र अरूका कुरा सुनौँ, हुन्न ?' (पृ. १२२)

यसले वर्तमानमा असम्भव देखिने नेपाली समाज विज्ञानप्रविधिको विकाससँगै भविष्यमा अहिले कल्पना गर्न नसकिने स्थितिमा पुग्छ भन्ने स्वैरकाल्पनिक प्रयोगलाई देखाउँछ । विश्व समुदायमा नेपालीहरू विज्ञानप्रविधिको प्रयोगका दृष्टिबाट निकै कमजोर अवस्थामा देखिन्छन् । यस्तो वस्तुसत्य रहेका स्थितिमा नेपाली विद्यार्थीहरूले माइक्रोचिप्सलाई रोबोटमा फिट गरेर मङ्गलग्रह र पृथ्वीको कनेकिक्टभिटीका कुरा स्वैरकाल्पनिक नै देखिन्छन् । यद्यपि यस्ता कुरा हुन नसक्ने वा असम्भव भने होइनन् तर नेपालका सापेक्षबाट हेर्दा हाललाई यस्तो प्रयोग केवल स्वैरकाल्पनिक मात्र देखिन्छ ।

'गङ्गा दिदी मुसुक्क हाँस्छिन्' कथामा विशुद्ध स्वैरकल्पनाको प्रयोग गरिएको छ । अघिपछि बिहानीको हिँडाइमा सँगै रहने गङ्गा दिदी नहुँदा मध्यरातमै एक्लै निस्केकी म पात्रको पशुपति परिसरभित्र बाग्मतीदेवीका श्रीमान्सँग भेट हुन्छ र उनीसँगै म पात्र बाग्मतीभित्र प्रवेश गर्छिन् । त्यहाँ मूर्छित अवस्थामा बाग्मती र थुप्रै भगवान् जस्ता व्यक्ति देख्छिन् (पृ. ६४) । यस्तो घटना यथार्थमा सम्भव हुँदैन तसर्थ यो स्वैरकल्पना हो । यसबाट नदी जोगाउनुपर्ने र मात्रै

हाम्रो अस्तित्व जोगिने पर्यावरणीय चेत एकातिर ध्वन्यात्मक भएको छ भने अर्कातिर हाम्रो स्वार्थी प्रवृत्तिले हामीलाई नै विनाशतिर धकेलिरहेको सत्य पनि बोलिरहेको देखिन्छ ।

यसरी हेर्दा उपर्युक्त कथाहरूमा प्रयुक्त स्वैरकल्पना सार्थक देखिएको छ। अन्य केही कसरमसर हटाउन सकेका भए कथाहरू अझ प्रभावकारी बन्न सक्ने स्थिति त्यहाँ देखिएको छ ।

अधिआख्यानको प्रयोग

अधिआख्यानलाई आख्यानको आख्यान (Fiction about Fiction) भनिन्छ। यसमा कथाभित्रै कथात्मक संरचना, लेखनप्रक्रिया, काल्पनिकता आदिका बारेमा कुरा गरिन्छ। अथवा कथाभित्रै कथा लेख्ने र यो लेखिएको जानकारी पनि दिने एउटा उत्तरआधुनिक शैली हो। यसका बारेमा किस बाल्डिक भन्छन् : 'आख्यानकारहरूले आफ्ना आख्यानका बारेमा खुला रूपमा आफ्ना धारणा राख्छन् (सन् २००९, पृ. १६२)। मार्क्सवादी चिन्तकका फरक मत रहे पनि (बराल, २०६४, पृ. ३२४) मूलतः यो आख्यानलाई अनौपचारिक बनाउने र पाठकलाई संवोधन गर्ने नवीन शिल्पका रूपमा देखिएको छ। *अभ्यन्तर* कथासङ्ग्रहको 'होपफुल क्याफेमा एकदिन' कथामा अधिआख्यानको प्रयोग भएको देखिन्छ ।

कथामा उपन्यासकार (कथाकी पात्र) र पाठकको भेट तथा त्यहाँ प्रयुक्त संवादले अधिआख्यानको प्रयोगलाई देखाउँछन्। त्यस्तै कथाको प्रारम्भमै कथाभित्रकी उपन्यासकारले बाल्डिकले भनेझैँ लेखनका बारे लेखक नै प्रतिक्रियामा उत्रिएको देखिन्छ :

> यस्तोमा केही लेख्न बसूँ भने पनि कति लेख्नु, सधैँ एउटा कुरा। उही विभेदका कुरा ! उही प्रेमका अनि उही बेथितिका कुरा ! खै, किन होला ! अचेल त केही नवीन कुराहरू मनमा ओहोरदोहोर गर्न पनि छाडेका छन्। के उसो भए मैले लेख्नुपर्ने सबै कुरा रित्तिसकेछ त ? आफैलाई प्रश्न गर्छु र उत्तर केही पाउँदिनँ वा फेरि सोच्छु; कि सबै कुरा सबैजसो लेखकले लेखिसकेको र धेरैजसो कुरा मैले पढिसकेकाले यस्तो भएको हो कि ! म मनमनै यावत् कुराका फोका उठाउँदै फुटाउँछु। (पृ. १७८)

विषयको नवीनता पाउन मुस्किल परेको सन्दर्भ कथाकी पात्र जो उपन्यासकार हुन्, उनले यसमा उठाएको देखिन्छ। कथाभित्रकी पात्रले उपन्यास लेखन सकसपूर्ण बन्दै गएको अवस्थाको यस्तो चित्रणले आख्यानभित्रको आख्यानलाई प्रस्तुत गरेको देखिन्छ। त्यस्तै मुख्य पात्र र क्याफेमा भेटिएको पाठक केटाले गरेका उपन्यास, तिनको लेखनप्रक्रिया, पुरस्कार पाउनुपर्ने अवस्था, व्यक्ति जीवनसित उपन्यासका घटनाको मेल जस्ता विषयमा छलफल गरेका छन्। त्यस्तो छलफलले आख्यान लेखनको प्रक्रिया, त्यसको अवस्था आदिलाई देखाएका हुँदा प्रस्तुत कथा अधिआख्यानको राम्रो प्रयोग भएको कथाका रूपमा देखिएको छ ।

विधामिश्रण

विधामिश्रण मूलतः उत्तरआधुनिक लेखनको एउटा महत्त्वपूर्ण पद्धति हो। हरेक विधाका आफ्नै स्थापत्यगत मूल्य छन् र ती तत् तत् विधाका सैद्धान्तिक मान्यतामा अडेका छन्। तर विधामिश्रणमा एउटा विधाको खास विशेषता बनेको ढाँचालाई अर्को विधामा मिसाउने गरिन्छ। यस्तो मिश्रितता अर्थात् हाइब्रिडिटी विश्वव्यापी रूपमा चलेको उत्तरआधुनिक एक टेक्निक हो (भट्टराई, २०६२, पृ. ८०)। आधुनिकताले

मौलिकतालाई वा विधागत शुद्धतालाई बढी जोड दिन्थ्यो । उत्तरआधुनिकताले त्यसका ठाउँमा मिश्रित संस्कृतिलाई अपनाएको छ (गौतम, २०६४, पृ. ६८) । यसले अन्तर्पाठात्मकताको सिर्जना गर्छ र परम्परागत 'मौलिक' नभए पनि नवीन ढाँचाको मौलिकता लिएर देखा परेको छ ।

अभ्यन्तर कथासङ्ग्रहका मूलतः तीन वटा कथामा विधामिश्रणको प्रयोग देखिन्छ । 'एउटा नदेखिने खडेरी' कथामा निबन्धात्मकता तथा 'सोचिसकेपछि उसले' र 'होहल्लाको वृत्तबाट' कथामा काव्यात्मकता र निबन्धात्मकताको मिश्रण पाइन्छ । 'एउटा नदेखिने खडेरी' कथाको निम्न कथांशले निबन्धात्मकताको प्रस्तुतिलाई देखाउँछ :

> हो, वास्तवमा कुनै पनि पीडा स्वयम्ले नै भोग्ने हो । छेउको साथ या साथी जतिसुकै आत्मीय किन नहोस्, उसले अनुभूत नै गर्न सक्दैन । कुनै पनि सम्बन्ध, कुनै पनि उत्सव, कुनै पनि योजना, कुनै पनि आत्मीय आवाज त्यति बेला मात्र तात्त्विक लाग्दा रहेछन्, जबसम्म यो शरीर ठिक छ । तसर्थ यी यावत् ठुला ठुला कुराभन्दा फोनमा नै किन नहोस्, मायाले सोधिने एउटा मात्र प्रश्न, 'कस्तो छ तिमीलाई अहिले ?' भन्ने कुरा धेरै गुणा ठुलो र महत्त्वपूर्ण लाग्दो रहेछ । तर विडम्बना, यसमा रहेको यथार्थ भने वास्तवमा खडेरी परेको छ । एउटा नदेखिने खडेरी ... । यसैले यस्तै खडेरीमै त बुझिने हो पानीको अर्थ अर्थात् जीवनको महत्त्व ! (पृ. ३७)

यस कथांशमा आख्यानात्मक प्रस्तुति पाइँदैन । दैनिक जीवनमा मानिसले भोग्ने संवेदनाजन्य अवस्थाको चित्रणमा निबन्धात्मक चिन्तनशीलता देखिन्छ । निबन्धमा एउटा विचारको बिउ लिएर त्यसमा विभिन्न सन्दर्भ जोड्दै चिन्तनलाई विस्तार गर्ने काम गरिन्छ । यस कथांशमा पनि मानवीय सम्बन्धहरू कृत्रिम बन्दै गएको स्थितिलाई सूक्ष्म ढङ्गले चित्रण गरिएको छ । कतिपय पीडाहरू केवल भोक्तालाई मात्र बोध हुन्छन् । अन्य मानिसले दिने सहानुभूति केवल दिनका लागि मात्र हो; त्यहाँ त्यो महसुस गर्ने गरीको अपनत्व हुँदैन भन्ने यथार्थलाई यसमा प्रस्तुत गरिएको छ । तसर्थ सम्बन्धको सुदृढ स्थितिका लागि स्वयम् व्यक्तिको शारीरिक तथा मानसिक अवस्था उपयुक्त हुनुपर्ने कुरालाई निबन्धात्मक चिन्तनशीलताको प्रस्तुतिमार्फत जोड दिइएको छ । समग्र कथामा यस्ता थुप्रै अनुच्छेदको प्रयोग गरिएको छ जसले कथाभित्र निबन्धात्मक प्रस्तुतिलाई देखाउँछ र विधामिश्रणलाई आत्मसात् गरेको देखिन्छ । त्यस्तै 'होहल्लाको वृत्तबाट' कथाको निम्न कथांशले काव्यात्मकता र निबन्धात्मकता दुबैको मिश्रण देखिन्छ :

> सबैभन्दा त आजको रात मैले आफैँलाई सम्झेँ, सोचेँ । आफूले बिताएका यी ३३ वर्षहरू - मैले गरेको मिहिनेत, सङ्घर्ष, बनाएको सम्बन्ध र त्यस सम्बन्धको धागोमा जोडिएका सम्झना र सम्भावनाहरू । मैले परिवारमा बसेर सिकेको तौरतरिका, संस्कार, त्यो संस्कारभित्रका पाटाहरू । विभेदका कुराहरूलाई खुलेर गर्ने प्रतिकार शब्दमा उतारेका चोटिला, मर्मस्पर्शी र तार्किक सुगठित वाक्यहरू र त्यसले ल्याएका परिवर्तनका सङ्केतहरू । अनि फेरि - 'तपाईं त मेरो उत्प्रेरक हो नि, तपाईंको लेख पढेर मैले आफूलाई यसरी सम्झाएँ'

भनेर आएका फोनहरू । सबै सबै सम्झैँ मैले त्यस रात । (पृ. १९९)

यस कथांशमा विगतका अनुभूतिको स्मरण संस्मरणत्मक निबन्ध जस्तो गरी प्रस्तुत गरिएको छ । संस्मरणात्मक निबन्धमा कुनै विषयसँग सम्बन्धित रहेर निबन्धकारका विगतका महत्त्वपूर्ण सन्दर्भको स्मरण गरिन्छ । उपर्युक्त कथांशमा म पात्रका आफन्त, तिनीहरूका स्वार्थजन्य सम्बन्ध र तिनमा उनले खेलेको भूमिकाको स्मरण गरिएको छ । कथामा यस्तै कथांश अरू पनि प्रस्तुत भएका हुँदा यसमा निबन्धात्मकताको मिश्रण गरिएको प्रस्ट हुन्छ । त्यस्तै कथांशमा देखिने पदक्रमगत विचलनले लयात्मकताको सिर्जना गरी काव्यात्मकतालाई प्रस्तुत गरेको देखिन्छ । पदक्रमको विचलन कविताको मूलभूत स्वभाव हो । कथांशमा खासगरी नामिक पद र क्रियापदले आफ्नो व्याकरणिक स्थान परिवर्तन गरी विचलनको सिर्जना गरेका छन् र यसले काव्यात्मकताको मिश्रणलाई देखाएको छ । यस्तो मिश्रण केवल मिश्रणका लागि मात्र नभएर सौन्दर्य सिर्जनाका लागि महत्त्वपूर्ण देखिएको छ । यस प्रस्तुति तथा कथाभित्र देखिने यस्ता अरू प्रस्तुतिले कथाको कथात्मकतालाई क्षय गरेका छैनन् बरु तिनले फरक स्वाद पस्कँदै सिर्जनात्मक प्रयोगको रूपलाई देखाएका छन् । यस्तो विधामिश्रणको अवस्था न्यून मात्रामा भए पनि उपर्युक्त तीन कथाबाहेक अन्य केहीमा पनि देख्न सकिन्छ ।

अभ्यन्तर कथासङ्ग्रहका १८ कथाहरूमा माथि चर्चा गरिएका बाहेक चेनतप्रवाह शैलीको प्रयोग (सोचिसकेपछि उसले कथामा), रिपोर्ताज शैलीको प्रयोग (वाहक कथामा), वर्णनात्मकता तथा संवादात्मकताको प्रयोग (प्राय सबैमा) पनि देखिन्छ । साथै विम्ब तथा अलङ्कारको उपयोग, दुबै दृष्टिबिन्दुको प्रयोग, खुला तथा बन्द अन्त्यको प्रयोग, पूर्वदीप्ति शैलीको प्रयोग, वाक्यमा शब्द वितरणगत विविधता जस्ता थप शैलीगत विशेषता सङ्ग्रहमा देखिन्छन् ।

निष्कर्ष

वर्तमान समयमा कथा सिर्जनाका लागि अनेक शिल्पको प्रयोग हुँदै आएको पाइन्छ । वर्तमानमा विषयगत नवीनता दुर्लभ बन्दै गएको र सौन्दर्य निर्धारणको मुख्य आधार शिल्प भएका सन्दर्भमा नवीन शिल्पको खोजी अनिवार्य जस्तै भइसकेको छ । स्रष्टाले आफ्ना सिर्जनामा प्रयोग गरेका त्यस्ता शिल्पको विश्लेषण कम देखिए पनि समकालीन समालोचनामा केही बढ्दै गएको पाइन्छ । *अभ्यन्तर* कथासङ्ग्रहमा सङ्गृहीत १८ वटा कथामा प्रयुक्त मूलभूत शिल्पको विश्लेषणबाट यथार्थवादी शिल्पको चयन सङ्ग्रहको मुख्य विशेषता बनेको देखिन्छ । यो आफैमा नवीन शिल्प नभए पनि विगत लामो समयदेखि एउटा प्रभावशाली शैलीका रूपमा नेपाली कथामा प्रयोग हुँदै आएको पाइन्छ । प्रस्तुत सङ्ग्रहमा पनि त्यसको प्रचुर प्रयोग गर्दै नेपाली कथा साहित्यमा प्रयुक्त मुख्य शैल्पिक ढाँचालाई निरन्तरता दिएको देखिन्छ । त्यसका अतिरिक्त केही नवीन र प्रभावशाली शिल्पको चयनले सङ्ग्रहलाई महत्त्वपूर्ण बनाएका छन् । खासगरी स्वैरकल्पनाको सुन्दर प्रयोग र त्यसमा पनि विज्ञानसम्मत स्वैरकल्पनाको प्रभावशाली प्रयोग तथा अधिआख्यान र विधामिश्रण जस्ता उत्तरआधुनिक प्रवृत्तिको उपयोगले शिल्पगत वैशिष्ट्य निर्माण गरेका छन् । त्यस्तै चेतनप्रवाह शैली, रिपोर्ताज शैलीलगायत सौन्दर्य निर्माणका लागि प्रयुक्त विम्ब र अलङ्कारले समग्रमा शैल्पिक विविधतालाई देखाएका छन् र कथासङ्ग्रह शिल्पका दृष्टिले उल्लेखनीय बनेको छ । यसमा शिल्पगत केही आधार लिएर अध्ययन गरिएको छ । विमर्शका अन्त्यमा सङ्केत मात्र गरिएका

अन्य आधारबाट यस कृतिको थप अध्ययन आवश्यक देखिन्छ ।

सन्दर्भ सामग्रीसूची

गौतम, कृष्ण (२०६४), *उत्तरआधुनिक जिज्ञासा,* भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

घिमिरे, गणेश (२०८१) 'अभ्यन्तर' कथासङ्ग्रहमा पोखिइन् सुमन वर्षा, *हिमालय टाइम्स,* https://ehimalayatimes.com/2024/11/287437/

ज्ञवाली, विष्णुप्रसाद (२०७८), *नेपाली विज्ञानकथामा स्वैरकल्पना,* (विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय), https://elibrary.tucl.edu.np

त्रिपाठी, वासुदेव (२०५८), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २,* (तेस्रो संस्क), साझा प्रकाशन ।

पौडेल, विष्णुप्रसाद (२०६९), *नेपाली उपन्यासमा सामाजिक यथार्थवाद,* सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान ।

प्रधान, कृष्णचन्द्रसिंह (२०४३) *नेपाली उपन्यास र उपन्यासकार,* (दोस्रो. संस्क.), साझा प्रकाशन ।

बराल, ईश्वर (२०५८), *आख्यानको उद्भव,* (दोस्रो संस्क.), साझा प्रकाशन ।

बराल, ऋषिराज (२०६४), *साहित्य र समाज,* (दोस्रो. संस्क.), साझा प्रकाशन ।

बस्ताकोटी, भूमिराज (२०६६), *स्वैरकल्पना र उपन्यासकार ध्रुवचन्द्र गौतम,* ओजन बुक्स ।

बाल्डिक, क्रिस (सन् २००१), *द कन्साइज अक्सफोर्ड डिक्सनरी अफ लिटरेरी टर्मस्,* (दोस्रो संस्क.), अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

भट्टराई, गोविन्दराज (२०६२), *उत्तरआधुनिक ऐना,* रत्न पुस्तक भण्डार ।

वर्षा, सुमन (२०८१), *अभ्यन्तर,* शिखा बुक्स ।

शर्मा, मोहनराज (२०५५), *समकालीन समालोचना : सिद्धान्त र प्रयोग,* ने. रा. प्र. प्र. ।

श्रीवास्तव, जगदीशप्रसाद (सन् १९८५), *मिथकीय कल्पना और आधुनिक काव्य,* विश्वविद्यालय प्रकाशन ।